घोराही उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय

घोराही, दाङ जिल्ला, लुम्बिनी प्रदेश, नेपाल

नगर कार्यपालिकाको बैठक नं १७८

आज मिति २०८२/०६/०२ गते बिहिबार घोराही उपमहानगरपालिकाका नगर प्रमुख श्री नरुलाल चौधरीज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका देहाय बमोजिमका सदस्यहरुको उपस्थितिमा घोराही उपमहानगरपालिकाको नगर कार्यपालिकाको १७८औं बैठक बसी देहाय बमोजिम निर्णय गरियो।

उपस्थिति

| क. सं. | नाम | पद | वडा नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | नरुलाल चौधरी | नगर प्रमुख | | |
| २ | हुमा कुमारी डि.सी. | उपप्रमुख | | |
| ३ | राममणी पाण्डेय | सदस्य | १ | |
| ४ | चित्र बहादुर चौधरी | सदस्य | २ | |
| ५ | राम प्रसाद चौधरी | सदस्य | ३ | |
| ६ | मधु सुदन शर्मा | सदस्य | ४ | |
| ७ | विवेक बुढाथोकी | सदस्य | ५ | |
| ८ | विष्णुराम आचार्य | सदस्य | ६ | |
| ९ | खोपिराम चौधरी | सदस्य | ७ | |
| १० | चैतु कुमार चौधरी | सदस्य | ९ | |
| ११ | दिपक पाण्डेय | सदस्य | १० | |
| १२ | कुल बहादुर लामिछाने | सदस्य | ११ | |
| १३ | द्रोण बहादुर बहकरी क्षेत्री | सदस्य | १२ | |
| १४ | डुल्लुराम पोखेल | सदस्य | १३ | |
| १५ | भान सिं बुढा | सदस्य | १४ | |
| १६ | रमेश कुमार पाण्डेय | सदस्य | १५ | |
| १७ | तारा बहादुर डि.सी. | सदस्य | १६ | |
| १८ | राम लौटन चौधरी | सदस्य | १७ | |
| १९ | भरतमणि अर्याल | सदस्य | १८ | |
| २० | ज्ञान बहादुर रायमाझी | सदस्य | १९ | |
| २१ | लिलादेवी गोतामे कामी | सदस्य | | |
| २२ | बसन्ता पोखेल | सदस्य | | |
| २३ | शान्ता शेर्पाली | सदस्य | | |
| २४ | श्रीमती पदमा चौधरी | सदस्य | | |
| २५ | मिना बुढाथोकी | सदस्य | | |
| २६ | पवित्रा विश्वकर्मा | सदस्य | | |
| २७ | कमला परियार | सदस्य | | |
| २८ | मान बहादुर सुनार | सदस्य | | |
| २९ | ऋषिराम के.सी. | सदस्य सचिव | | |

मिति २०८२/०६/०२ गते बिहिवार, १७८ औं कार्यपालिका बैठक

प्रस्तावहरु:

१. विषम परिस्थीबारे छलफल सम्बन्धमा।

नरुलाल चौधरी
नगर प्रमुख

ऋषिराम के.सी.
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. १

१.१ मिति २०८२/०५/२३ र २४ गते भएको आन्दोलनका क्रममा ज्यान गुमाउनु भएका मृतकहरु प्रति श्रदान्जली व्यक्त गरियो। घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गरियो।

१.२ मिति. २०८२/०५/२४ गते भएको आन्दोलनका क्रममा घोराही उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय तथा अन्तर्गतका वडा कार्यालयहरुमा भएको आगजनी तथा तोडफोडबाट भएको क्षतीको प्रारम्भिक विवरण उपर छलफल गरियो।

१.३ स्रोतमा पर्न सक्ने चापलाई मध्यनजर गर्दै अर्को निर्णय नभए सम्मका लागि तपसिल बमोजिमको बुँदाहरु कार्यान्वयन गर्न महाशाखा/शाख तथा वडा कार्यालयहरुलाई निर्देशन दिने।

१) अर्को निर्णय नभए सम्मका लागि सबै प्रकारका आयोजना तथा कार्यक्रम कार्यान्वयन नगर्ने।
२) सबै प्रकारका आर्थिक सहायता बन्द गर्ने।
३) समिति लगायत सबै प्रकारका बैठक भत्ता बन्द गर्ने।
४) विविध खर्चमा मितव्ययियिता कायम गर्ने।
५) वडा कार्यालयहरुले कार्यालय संचालनको लागि वडा कार्यालयको बजेटबाट नै न्यूनतम लागतमा संरचना (भवन) मर्मत, मेशिन, उपकरण तथा फर्निचर खरिद गर्ने।
६) नगर कार्यपालिकाको कार्यालय संचालन गर्नका लागि न्यूनतम लागतमा संरचना (भवन) मर्मत, मेशिन, उपकरण तथा फर्निचर खरिद गर्ने।

नरुलाल चौधरी
नगर प्रमुख

ऋषिराम के.सी.
प्रमुख प्रशासकीय अधिकृत